सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सारदा प्रसाद घिमिरे
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
आदेश
०७५-RE-०१०१
मुद्दाः- कर्तव्य ज्यान

निवेदक
प्रतिवादी
रामचन्द्र प्यासी कुशवाहा------------------------------------------------------------------

विरुद्ध

विपक्षी
वादी
नेजमा आलमसमेतको जाहेरीले नेपाल सरकार----------------------------------------------

यसमा निवेदकसहितको मिसिल संलग्न कागजातहरु अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा र विद्वान अधिवक्ता श्री भोजराज रेग्मी तथा वादी नेपाल सरकारको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालले गर्नुभएको बहससमेत सुनियो।

यसमा उच्च अदालत अस्थायी इजलास विरगंजबाट मिति २०७५।५।२६ मा कसूर कायम गर्नेगरी भएको आदेश बदर गरिपाउँ भनी यस अदालतसमक्ष निवेदन दायर गरेको देखिन्छ। उच्च अदालत अस्थायी इजलास विरगंजले सर्वोच्च अदालतबाट मिति २०७५।५।३१ मा लेखिएको च.नं. ४७६ को पत्र प्राप्त हुन अगावै मिति २०७५।५।१ गतेदेखि लागू भएको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ को उपदफा १ को प्रतिबन्धात्मक बाक्याशबमोजिम ३ वर्ष वा सो भन्दा बढी कैद हुने वा रु.३०,०००। भन्दा बढी जरिवाना हुने मुद्दाहरुको सुनुवाई कसूर ठहर तथा सजाय निर्धारण अलगअलग दिनमा गर्दै आएको उल्लिखित पत्रबाट निर्देशन प्राप्त भएपछि पुराना मुद्दाहरुका हकमा कसूर ठहर र सजाय निर्धारण एकै मितिमा गरिएको भनी कैफियत प्रतिवेदनमा उल्लेख गरेको देखियो।

केही नेपाल कानून संशोधन एकिकरण समायोजन र खारेज गर्ने ऐन, २०७५ ले मुलुकी ऐन खारेज गरेको भएपनि सो ऐनले खारेज भएको मुलुकी ऐनको व्यवस्था खारेज भएको मितिदेखि लागू हुनै नसक्ने व्यवस्था गरेको छैन। सो ऐनको दफा ३९ को उपदफा २(१) को खण्ड (क) र (ग) को व्यवस्थाले मुलुकी ऐन अन्तर्गत दायर भएका मुद्दाहरुको कारवाही सोही ऐन अन्तर्गत हुने भनी स्पष्ट व्यवस्था भएको सन्दर्भमा साविक मुलुकी ऐनबमोजिम गर्नुपर्नेमा कसूर कायम गरी सजाय निर्धारणको लागि अलग्गै पेसी निर्धारण गर्ने गरी उच्च अदालत, जनकपुर अस्थायी मुकाम विरगंजबाट मिति २०७५।५।२६।३ मा भएको आदेशमा कार्यविधिगत त्रुटी देखिंदा बदर गरिदिएको छ। अब फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ लागू हुनु अगाडि अदालतसमक्ष दायर हुन आएका मुद्दाहरुमा साविक मुलुकी ऐन अन्तर्गतकै पुरानै कार्यविधि अवलम्बन हुने हुँदा सोहीबमोजिम अरुमा कानून बमोजिम गर्नू।